लुम्बिनी प्रदेश सरकार
कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय
कृषि विकास निर्देशनालय
कृषि ज्ञान केन्द्र, बाँके

पत्र संख्याः २०८१/८२
सूचना नं.: ०४

फोन नं.: ०८१५३००२७/५३०२२५
**Email**: akcbanke@gmail.com
**Website**: akcbanke.lumbini.gov.np

## कृषक सम्मान कार्यक्रम सम्बन्धी प्रस्ताव आह्वानको सूचना !!

(प्रथम पटक प्रकाशित मितिः २०८१/११/१३ गते)

यस केन्द्रको आ.व. २०८१/८२ को स्विकृत वार्षिक कार्यक्रम अनुसार तपसिल बमोजिमका कार्यक्रममा सहभागी हुन इच्छुक बांके जिल्ला भित्रका योग्य आवेदकहरुले यो सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र (मिति २०८१/११/२७ गते) यस केन्द्रमा आवश्यक कागजातहरु सहित सिलबन्दी प्रस्ताव पेश गर्नुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ । प्रस्ताव साथ पेश गर्नु पर्ने निवेदनको ढाँचा, विवरण फाराम, संलग्न गर्नु पर्ने कागजात, कृषक सम्मान कार्यक्रम संचालन मापदण्ड, २०८१ यस केन्द्रको सूचना पाटी तथा वेबसाइट (akcbanke.lumbini.gov.np) बाट प्राप्त गर्न सकिने छ । थप जानकारीको लागि यस केन्द्रको सम्पर्क फोन नं. ०८१-५३०२२५ वा सूचना अधिकारी (९८५८०७०२२५) मार्फत सम्पर्क गर्नुहुन अनुरोध छ । रित नपुगेका वा म्याद नाघि प्राप्त हुन आएका प्रस्तावहरु छनौटका लागि समावेश नहुने व्यहोरा समेत जानकारी गराइन्छ ।

| क्र.स | कार्यक्रमको नाम | मापदण्ड | | | | सम्मान कार्यक्रम |
|---|---|---|---|---|---|---|
| | | बालीको नाम | क्षेत्रफल/संख्या (न्यूनतम) | बालीको नाम | क्षेत्रफल/संख्या (न्यूनतम) | |
| १. | कृषक सम्मान कार्यक्रम | खाद्यान्न बाली | कम्तीमा २० रोपनी | फूल खेती | ३ रोपनी | • जिल्लामा १ जनालाई सर्वोत्कृष्ट कृषक पुरस्कार रकम रु. १० हजार र अन्य ३ जनालाई ३ विधामा १/१ जना उत्कृष्ट कृषक पुरस्कार रकम रु. ५ हजार, दोसल्ला र सम्मान पत्र सहित सम्मान गरिनेछ । |
| | | तरकारी बाली | ५ रोपनी | बीउ उत्पादन | २० रोपनी | |
| | | फलफूल | १०० बोट | मसला बाली | ५ रोपनी | |
| | | मौरी | ५० वटा गोला सहितको घार | नर्सरी | १ रोपनी | |
| | | च्याउ खेती | बार्षिक १००० केजी उत्पादन | तेलहन बाली | १० रोपनी | |

**संलग्न गर्नु पर्ने कागजातहरू:**

१. कृषक सम्मान कार्यक्रम संचालन मापदण्ड, २०८१ बमोजिमको प्रस्तावकको निवेदन, विवरण सहितको फाराम तथा पुष्ट्याई गर्ने तस्विरहरु ।
२. फर्म संचालकको हकमा दर्ता/नविकरण भएको प्रमाण-पत्रको प्रतिलिपि, स्थायी लेखा नम्बर प्रमाण-पत्र तथा गत आर्थिक वर्षको कर चुक्ता प्रमाण-पत्रको प्रतिलिपि ।
३. जग्गा धनी प्रमाण-पुर्जा वा करार सम्झौताको प्रतिलिपि ।
४. सम्बन्धित स्थानीय तहको सिफारिस पत्र।
५. प्रस्तावकको नागरिकताको प्रतिलिपि।

पुनश्चः आ.व. २०८०/८१ मा उत्कृष्ट कृषकको रुपमा यस कार्यालयबाट सम्मानित भै सक्नु भएका कृषकहरुको आवेदन समावेश नहुने व्यहोरा अनुरोध छ ।

११/१२

विनोद घिमिरे
कार्यालय प्रमुख
वरिष्ठ कृषि अर्थ विज्ञ (दशौं तह)